कार्यपालिकाको ५८ औं बैठक//स्थान : वडा नं ८ को कार्यालय, हिले ।

मिति: २०८२ साल भाद्र महिनाको १९ गते बिहिबार, विहान ८ बजे

अध्यक्षता: श्रीमान युवराज अधिकारी, गाउँपालिका अध्यक्ष

उपस्थिति:

श्रीमान युवराज अधिकारी, अध्यक्ष

श्री विच्छ बहादुर घले, उपाध्यक्ष

श्री हेमराज काफ्ले, प्रमुख प्रशासकीय अधिकृत

श्री लक्ष्मी प्रसाद अधिकारी वडाध्यक्ष, वडा नं १

श्री गणेश बहादुर खत्री, वडाध्यक्ष, वडा नं २

श्री ~~कृष्णबहादुर गुरुङ~~ बिरु थापा, वडाध्यक्ष, वडा नं ३

श्री मिन बहादुर गुरुङ, वडाध्यक्ष, वडा नं ४

श्री कुमराज गुरुङ, वडाध्यक्ष, वडा नं ५

श्री नन्दराज घले, वडाध्यक्ष, वडा नं ६

श्री रीस माया गुरुङ, वडाध्यक्ष, वडा नं ७

श्री नारान घले, वडाध्यक्ष, वडा नं ८

श्री आशिष तामाङ, वडाध्यक्ष, वडा नं ९

श्री नेत्र बहादुर घर्ति, कार्यपालिका सदस्य

श्री गङ्गा गुरुङ, कार्यपालिका सदस्य

श्री अम्बिका मरहट्टा, कार्यपालिका सदस्य

श्री लाल माया मिजार, कार्यपालिका सदस्य

श्री लिला बहादुर सुनार, कार्यपालिका सदस्य

श्री सृष्टि नेपाली, कार्यपालिका सदस्य

अन्य:

श्री ताराचन्द्र ढकाल, सूचना अधिकारी

श्री धर्मराज गुरुङ, सू प्र अधिकृत

श्री प्रेम गुरुङ, स्वकीय सचिव

प्रस्तावः

१. आ.व. २०८२।८३ मा विनियोजित वडागत आयोजना कार्यान्वयन
२. हाट बजार सञ्चालन तथा व्यवस्थापन
३. प्रकोप व्यवस्थापन तथा क्षतिग्रस्त सडकहरुको मर्मत सम्भार
४. कर्मचारी तथा शिक्षकहरुको महँगी भत्ता निकासा
५. विविध

निर्णयः

| निर्णय नं | निर्णयको बेहोरा |
|---|---|
| १ | क) आ.व. २०८२।८३ मा विनियोजित वडागत आयोजना कार्यान्वयन गर्ने सन्दर्भमा उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने आयोजनाहरुको हकमा उपभोक्ताको लागत सहभागिताको रकम वा श्रम बाहेक रु पाँच लाखसम्मको आयोजनाको सम्झौता वडाबाटै गराउने।<br>ख) वडा नं ९ मा सञ्चालन हुने तपसिलका दुई आयोजनालाई एकीकृत रुपमा ठेक्का आह्वान गरी कार्यान्वयन गर्न स्वीकृति दिने।<br>१. प्रदेश सरकार राजश्व बाँडफाँट अन्तर्गतको श्रोतबाट खर्च लेख्ने गरी रु १८ लाख विनियोजित "वडा कार्यालय तथा स्वास्थ्य चौकी जाने बाटो स्तरोन्नति" (रातो किताब क्र.सं. १०१, खर्च शीर्षक ३११५१) आयोजना<br>२. नेपाल सरकार समानीकरण अनुदान अन्तर्गतको श्रोतबाट खर्च लेख्ने गरी रु २१ लाख ४० हजार विनियोजित "धैरेनी देखि टक्सार सम्म सडक स्तरोन्नति" (रातो किताब क्र.सं. २६९, खर्च शीर्षक ३११५१) आयोजना |
| २ | गाउँपालिकाको वडा नं ४ स्थित शेरा खेलमैदानमा निर्मित साझा सुविधा केन्द्र समेतका ट्रसमा हाटबजार सञ्चालन गरी स्थानीय उत्पादनको बेचबिखन गराउने एवम् आवधिक हाटबजार सञ्चालनको वातावरण तयार गर्न २०८२।०६।०६ देखि सूचीकृत व्यवसायीहरुलाई ट्रस भएका स्थानमा प्रति खण्ड प्रति दिन रु १००।— एवम् खेलमैदान बाहिर खुला स्थानमा प्रति दिन प्रति व्यवसाय रु ५०।— राजश्व लिई हाट सञ्चालन गर्न स्वीकृति दिने। कार्यालयले खानेपानी, शौचालय एवम् फोहोरमैला व्यवस्थापनमा व्यवसायीलाई सहजीकरण गर्ने। |
| ३ | क) बर्षादका कारण गाउँपालिका क्षेत्रभित्रका सडकहरुमा क्षति पुगेको र कतिपय स्थानमा आवागमन नै ठप्प भएकोले महान पर्व दशैं समेतलाई मध्यनजर गरी सबै वडामा क्रमशः बाटो मर्मत गराउने। मर्मतका लागि गाउँपालिकाको ब्याक हो लोडरलाई प्राथमिकता दिई उक्त मेसिनले गर्न नसक्ने वा समय व्यवस्थापन |

हेमराज कार्की

अधिकारी

| | |
|---|---|
| | गर्न असहज भएको अवस्थामा मात्र खरिद प्रकृयाबाट मेसिन भाडामा लिई मर्मत सम्भार गर्न गराउन वडा कार्यालयहरुलाई स्वीकृति दिने ।<br>ख) वडा नं ८ हिलेबजार देखि वडा नं ६ ढोडेनी जोड्ने झोलुङ्गे पुलको हिलेतर्फ पुल जमिन सतहबाट अग्लो स्थानमा रहेको, सिंढीहरु चढ्नुपर्ने र आवतजावतका क्रममा दुर्घटनाको जोखिम देखिएकोले हिले तर्फ पुल चढ्ने सिंढीको दायाँ वायाँतर्फ स्टीलको रेलिङ निर्माण गर्न "निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च" शीर्षकबाट बजेट खर्च लेख्ने गरी उपभोक्ता समिति मार्फत निर्माण गर्न स्वीकृति दिने । |
| ४ | नेपाल सरकारले आ.व. २०८२।८३ को लागि राष्ट्रसेवक कर्मचारी तथा शिक्षकहरुको महँगी भत्ता थप गर्ने गरी बजेट सार्वजनिक गरेकोमा निकासा प्राप्त भएको अवस्थामा सोही बमोजिम शिक्षक तथा कर्मचारीहरुको महँगी भत्ता निकासा दिने । करार कर्मचारीहरुको हकमा अर्थ मन्त्रालयबाट महँगी भत्तासँग सम्बन्धित परिपत्र बमोजिम गराउने ।<br><br>साथै, करार सेवामा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन प्रकृया सुरु गराउने । |
| ५ | क)गाउँपालिकाको स्वास्थ्य शाखा वा अन्तर्गत कार्यरत जनस्वास्थ्य निरीक्षक, छैठौं तहका सुजन सुनारलाई BPH अध्ययनका लागि प्रवेश परीक्षा दिन र अ.न.मि चौथो तहकी बिमला तामाङलाई Staff Nurse अध्ययनका लागि प्रवेश परीक्षा दिन अध्ययन पूर्व स्वीकृति दिने एवम् सोसँग सम्बन्धित निर्णय अनुमोदन गर्ने । |

हेमराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

युवराज अधिकारी
अध्यक्ष